BMC Research Journal
ISSN: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

Birendra Bidhya Mandir Campus
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

मैथिली मातृभाषी विद्यार्थीले नेपाली सिकाइमा गर्ने त्रुटिप्रति शिक्षकको दृष्टिकोण

रामदेव मण्डल, पि.एचडी स्कलर
उप प्राध्यापक
सू.स.मो.या.ब.क्याम्पस, सिरहा

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Ramdeo Mandal, m.ramdeo2013@gmail.com
Orcid: https://orcid.org/0009-0000-4422-6923
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80145

लेखसार

त्रुटि विश्लेषण सिद्धान्तका आधारमा पहिलो मातृभाषी विद्यार्थीले दोस्रो भाषा सिकाइको क्रममा गर्ने त्रुटि व्याकरणिककोटि र उच्चारणगत त्रुटि क्षेत्रसँग सम्बन्धित रहेको छ । सामुदायिक विद्यालयमा नेपाली विषय अध्यापन गराउने दक्ष र अनुभवी शिक्षकहरूको अन्तर्वार्ताबाट मैथिली मातृभाषी विद्यार्थीहरूलाई नेपाली विषय शिक्षण गर्दा विद्यार्थीहरूले गर्ने त्रुटि पहिचान गरी त्रुटि सुधारका उपाय समेत विश्लेषण गर्नु यस अध्ययनको उद्देश्य रहेको छ । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानमा आधारित उद्देश्यमूलक तरिकाबाट नमुना छनोट गरिएको छ । प्राथमिक स्रोतका रूपमा अनुभवी शिक्षकबाट असंरचित खुल्ला प्रश्नावली निर्माण गरी र केही खुल्ला प्रश्न सोधी स्थलगत अध्ययन विधिबाट अन्तर्वार्ता लिई सामग्री सङ्कलन गरिएको छ । उक्त सामग्रीलाई कोडीकरण गरी थिमेटिक तरिकाबाट विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली भाषामा व्याकरणिक कोटिगत त्रुटि र उच्चारण गर्दा वर्णगत त्रुटि गरिएको छ । घरपरिवार, साथीभाइको सङगत र सामुदायिक भाषिक वातावरणले प्रत्यक्ष प्रभाव परेको कारण सिकाइमा त्रुटि गर्छन् र त्रुटिले गर्दा उनीहरूको सिकाइप्रतिको रुचि पनि घटेको छ । ती त्रुटिहरू न्यूनीकरण गर्नको निम्ति शुद्ध उच्चारण अभ्यासको आवश्यकता देखिन्छ । उच्चारणमा वर्णगत समस्या, जस्तै : धर्मलाई धर्म्, विराटनगरलाई विलाटनगर आदि जस्ता समस्या र व्याकरणिककोटिगत समस्याहरूलाई पनि अभ्यासबाट नै निराकरण गर्न सकिन्छ । यी त्रुटिहरू

हटाउनको लागि नेपाली भाषिक वातावरणको सिर्जना गरी साहित्यिक अन्तरक्रिया, गोष्ठीमा भाग लिई लेख, रचना र पत्रपत्रिकाहरू अध्ययन गर्नु नितान्त आवश्यक देखिन्छ । यस अध्ययनले दोस्रो भाषा सिकाइको निम्ति अति नै उपयोगी रहेको देखिन्छ ।

मुख्य शब्दावली : त्रुटि, व्याकरणिककोटि, भाषिक वातावरण, अभ्यास, अन्तरक्रिया ।

अध्ययनको पृष्ठभूमि

त्रुटि विश्लेषण सन् १९७० को दशकपछि भाषाशिक्षणको क्षेत्रमा प्रयोग भएको पाइन्छ । खासगरी दोस्रो भाषा सिकाइलाई बुझ्ने प्रयत्न गरिन्छ । दोस्रो भाषा सिकिरहेका व्यक्तिका गल्तीहरूलाई सङ्ग्रह वा सङ्कलन गरेर लक्षित भाषाका मान्यताहरूसँग दाँजिन्छ (आचार्य, २०६६) । यस पश्चात् ती त्रुटिहरूलाई वर्गीकरण गरिन्छ र ती त्रुटिहरू उत्पन्न हुने कारणहरू के के हुन सक्छन् भन्ने विषयमा एउटा अनुमानित सिद्धान्त प्रस्तुत गरिन्छ ।

दुई वा दुईभन्दा बढी भाषाहरूका व्यवस्था वा उपव्यवस्थाहरूको समता र भिन्नता सम्बन्धी तुलनात्मक भाषिक अध्ययनलाई व्यतिरेकी भाषाविज्ञान भनिन्छ (न्यौपाने, भण्डारी र न्यौपाने, २०७३) । व्यतिरेकी विश्लेषणमा कुनै पनि दुई भाषाबीचको तुलना गरिन्छ । यसले पहिलो भाषाको प्रभावले दोस्रो भाषा सिकाइमा कठिनाई उत्पन्न हुन्छ । स्रोत भाषा र लक्ष्य भाषाबीच तुलनात्मक गरी देखिने भिन्नताका आधारमा उत्पन्न हुने कठिनाईको पूर्वानुमान व्यतिरेकी विश्लेषणको आधारमा गरिन्छ । यसबाट दोस्रो भाषा सिकाइका क्रममा पहिलो भाषाको प्रभावले के कस्ता सम्भाव्य त्रुटि हुन सक्छन् भन्ने कुरा पहिचान गर्न सकिन्छ । यसले दोस्रो भाषाको शिक्षणलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका खेलिन्छ ।

नेपाल एक बहुभाषिक देश हो । यहाँ विभिन्न भाषाहरू बोलिन्छ । नेपाली भाषालाई सरकारी कामकाज, सञ्चार, अध्ययन-अध्यापन र सम्पर्क भाषाका रूपमा प्रयोग हुने गरिन्छ । २०६८ सालको जनगन्नानुसार नेपालमा जम्मा १२३ वटा भाषाहरू बोलिन्छ । यी भाषाहरूलाई जम्मा चार भाषा परिवारमा बाँडिएका छन् । जसमध्ये भारोपेली भाषा परिवार अन्तर्गत् नेपाली र मैथिली भाषा पर्दछन् ।

वि.स. २०६८ सालको जनगन्नानुसार मैथिली भाषाका वक्ता सङ्ख्या १५ लाख २९ हजार ८ सय ७५ रहेको छ । त्यस्तै वि.स.२०७८ सालको जनगन्नानुसार नेपालमा जम्मा १२४ भाषाहरूमध्ये नेपाली भाषाका वक्ता स3्ख्या १ करोड ३० लाख ८४ हजार ४ सय ५७ रहेको छ र मैथिली भाषाका वक्ता स3्ख्या ३२ लाख २२ हजार ३ सय ७९ रहेको छ (के.त.वि.रा.जनगन्ना,

२०७८) । नेपाल तराईमा पूर्वदेखि पश्चिमसम्म फैलिएको समान आकृति भएका तर संस्कार, पोषाक भाषा, भाषा ठाउँ अनुसार फरक फरक देखिन्छ । मैथिली भाषाका वक्ताहरू मुख्य रूपमा मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, वारा, पर्सा लगायत नेपालका पश्चिमी भागका जिल्लाहरूमा बसोबास गरिहेका छन् । २०५८ सालको जनगन्नानुसार नेपालमा बोलिने नेपाली भाषाका वक्ताहरू १,१०,५३,२५५ जना रहेका छन् । कूल प्रतिशत ४८.६ रहेको छ भने, मैथिली भाषाका वक्ताहरू २७,९७,५८२ रहेका छन् । कूल प्रतिशत १२.३० रहेको पाइन्छ (के.त.वि.रा.जनगन्ना, २०५८) । २०६८ को जनगन्नानुसार नेपाली भाषाका वक्ताहरू १,१८,२६,९५३ रहेका छन् । कूल प्रतिशत ४४.६ रहेको पाइन्छ । मैथिली भाषाका वक्ताहरू ३०,९२,५३० रहेका छन् । कूल प्रतिशत ११.७ रहेको पाइन्छ (के.त.वि.रा.जनगन्ना, २०६८) । त्यस्तै नेपाली भाषाको कूल प्रतिशत ४४.८६ रहेको छ र मैथिली भाषाको कूल प्रतिशत ११.०५ प्रतिशत रहेको छ (के.त.वि.रा.जनगन्ना, २०७८) । यसरी नै भाषिक अवस्था रहेको छ ।

नेपालको लागि नेपाली भाषा पहिलो भाषाको रूपमा रहेको छ । अर्को तरिकाले हेर्ने हो भन्ने, नेपाली मातृभाषी हुनेहरूका लागि पनि नेपाली भाषा पहिलो भाषा हो । मैथिली मातृभाषीका लागि नेपाली भाषा दोस्रो भाषाको रूपमा रहेको छ । मैथिली भाषी नेपाली भाषा सिक्नुपर्ने नितान्त आवश्यक देखिन्छ । भाषा सिकाइका क्रममा देखापर्ने भाषिक व्यवस्थापनगत भिन्नताका कारण सिकाइका क्रममा कठिनाई क्षेत्र पूर्वानुमान गर्न व्यतिरेकी विश्लेषण उपयोगी हुन्छ ।

मैथिली भाषा नेपालमा बोलिने भाषाहरूमध्ये दोस्रो स्थानमा रहेको भाषा हो । यस भाषाका वक्ताहरूलाई कामकाज, अध्ययन अध्यापन, सञ्चार र सम्पर्क भाषाको रूपमा आफ्नो भाषा प्रयोग नगरी नेपाली भाषा नै प्रयोग गर्नुपर्ने हुन्छ । त्यसैले नेपाली भाषा सिक्नुपर्ने अवस्था रहेको देखिन्छ । यसरी मैथिली भाषी विद्यार्थीहरूले नेपाली भाषा सिक्दा कतिपय भाषिक संरचना र अभिव्यक्तिहरू नेपाली भाषासँग मिल्छन् भने, कतिपय भाषिक व्यवस्था नेपाली भाषाको भाषिक व्यवस्थासँग मिल्दैन । व्यतिरेकी विश्लेषणमा दुबै भाषामा समान देखिनेसँग सिकाइ सहज हुन्छ तर असमान अवस्थामा दोस्रो भाषा सिकाइको क्रममा असहज हुन्छ । यसरी भाषिक भिन्नताका कारण पहिलो भाषाको सिकाइले दोस्रो भाषा सिकाइमा कठिनाई उत्पन्न हुन्छ । तिनले के कस्ता त्रुटिहरू उत्पन्न गराउँछन् । त्यसका आधारमा पूर्वानुमान गरी त्रुटि सुधार गर्नु हो । यसै आधारमा भावी इतर-मैथिली मातृभाषी विद्यार्थीहरू विभिन्न वातावरणीय प्रभावका कारणले त्रुटि गर्छन् । यस अध्ययनले अनुसन्धानकर्ता, अध्ययनकर्मी र दोस्रो भाषा सिकाइको निम्ति उच्च प्रभावकारी भूमिका रहनेछ ।

समस्याको कथन

नेपाल बहुभाषिक भएको देश हो । वि.स. २०६८ सालको जनगन्नानुसार नेपालमा १२३ र वि.स.२०७८ सालको जनगन्नानुसार १२४ वटा भाषाका वक्ताहरू नेपाल अधिराज्यभरि छरिएर बसेका छन् । ती वक्तहरूमध्ये मुख्य रूपमा नेपाली, मैथिली, भोजपुरी, थारु, अवधि, किराँत, राई, लिम्बू, चाम्लिङ, मगर, राजवंशी, नेवार, तामाङ, सुनुवार, दनुवार, बङ्गाली, झाँगड, खवास, दराई, थुलुङ, मेचे, दुरा, नाछिरिङ, बज्जिका, उर्दू, माझी, कुमाल, दुमी, मारवाडी, वोटे, वाहिङ, कोइ, चुरेटे, शेर्पा र राजी आदि रहेका छन् ।

नेपालको संविधान २०७२ अनुसार नेपालमा बोलिने मातृभाषालाई नेपालको राष्ट्र भाषा हुनेछ (नेपालको संविधान २०७२) । उल्लिखित संविधान अनुसार भाषाहरूको संरक्षण र संवर्द्धन हुनुपर्दछ । २०६८ सालको जनगन्नानुसार नेपालभित्र बोलिने १२३ वटा भाषाहरूलाई जम्मा चार भाषा परिवारमा विभक्त गरिएका छन् तर वि.स.२०७८ सालको जनगन्नानुसार १२४ भाषा र ५ भाषा परिवार रहेका छन् । त्यसमध्ये सबैभन्दा बढी शक्तिशाली भारोपेली भाषा परिवारलाई मानिन्छ । यसै परिवारभित्र नेपाली र मैथिली भाषा पर्दछन् । यी दुबै भाषा एउटै परिवारमा परेकाले केही समानता र केही भिन्नता पनि देखिन्छ । यसरी समानता र भिन्नता पहिल्याइ अध्ययन आवश्यक देखिन्छ । मैथिली भाषा बोलचालमा मात्र सिमित नभई मैथिली भाषाको सञ्चार र साहित्यको इतिहास पनि रहेको छ । नेपाली भाषापछिको दोस्रो स्थानमा मैथिली भाषा रहेको छ । स्थानीय तहमा मैथिली भाषामा पठन पाठन भएता पनि उच्च शिक्षा, आम संचारको माध्यम र सम्पर्कको माध्यम भएकाले यसको अध्ययन आवश्यक देखिन्छ । भाषा राष्ट्रको साँस्कृति धरोहरसँग सम्बद्ध भएकाले भाषाको संरक्षण गर्नु आवश्यक देखिन्छ ।

'तामाङ र नेपाली भाषाबीच व्यतिरेकी' अध्ययनमा भाषा यादृच्छिद हुन्छ हरेक भाषाको आ-आफ्नै व्यवस्था हुन्छ । तामाङमा १० वटा स्वरवर्ण र ३७ वटा व्यञ्जन गरी जम्मा ४७ वटा वर्णहरू रहेको पाइन्छ । नेपाली भाषा जस्तो तामाङ भाषामा घ, झ, ढ,ञ, ध, क्ष, त्र, ज्ञ जस्ता वर्णहरू पाइदैन । त्यसैले कतिपय कुराहरू भिन्न भएको हुनाले वर्णगत, श्वसनका आधारमा पनि फरक देखिन्छ । त्यस्तै मैथिली मातृभाषी विद्यार्थीले नेपाली भाषा शिक्षणमा आधारित उच्चारणगत र व्याकरणिककोटिगत त्रुटि सम्बन्धी शिक्षकको अनुभवलाई अनुसन्धानको रूपमा नभेटिएकाले यसलाई अनुसन्धानको रिक्तताको रूपमा लिएको छ ।

अध्ययनको उद्देश्य :

प्रस्तुत अध्ययन मैथिली मातृभाषी विद्यार्थीलाई नेपाली भाषा शिक्षण गर्दा गर्ने त्रुटिको विश्लेषण गर्नु यसको मुख्य उद्देश्य हो । मैथिली मातृभाषी विद्यार्थीले नेपाली शिक्षणमा गर्ने त्रुटि पहिचान गर्नु, त्रुटिमा प्रभाव पार्ने प्रभावक कारक पहिचान गर्नु र त्रुटि सुधारका उपायहरू विश्लेषण गर्नु यसको विशिष्ट उद्देश्य हुन् ।

अनुसन्धानात्मक प्रश्न

(क) मैथिली मातृभाषी विद्यार्थीले नेपाली भाषा शिक्षणमा के-कस्ता त्रुटि गर्छन् ?

(क) मैथिली मातृभाषी विद्यार्थीले नेपाली भाषा शिक्षण त्रुटिका प्रभावक कारक के-के हुन् ?

(ग) उक्त त्रुटि सुधारका गर्ने उपायहरू के-के हुन ?

अध्ययन विधि

प्रस्तुत अध्ययनको ढाँचा गुणात्मक प्रकृतिको छ । संरचनात्मक दर्शनको प्रयोग गरिएको छ । सामग्री सङ्कलनका लागि विद्यालयका प्रधानाध्यापकहरूबाट अनुमति लिई सहभागी शिक्षककहरूबाट सहमति लिई अध्ययनलाई अगाडि बढाइएको छ । यस अध्ययनलाई मैथिली भाषाको सामग्री सङ्कलनका लागि उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोटमा परेका सामुदायिक विद्यालयहरूमध्ये श्री च.न (प्राविधिक) मा.वि.सिरहा, सारश्वरनाथ मा.वि.सारश्वर, मा.वि.भलुवाही, मा.वि.बालमन्दिर र ला.श.मा.वि.माडर विद्यालयहरू परेका छन् । उक्त विद्यालयहरूमा दक्ष अनुभवी नेपाली विषय शिक्षककहरूबाट सामग्री स3कलनका लागि अन्तर्वार्ता लिइएको छ । Cresswell (2007) अनुसार अन्तर्वार्ता यसको प्रकृति सेटिङ हो, त्यसैले यसलाई छनोट गरिएको छ । नमुना छनोटका रूपमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको छ । सामग्री सङ्कलनका मुख्य साधन अन्तर्वार्तालाई आधार बनाइएको छ । सहभागी शिक्षककहरूसँग पटक पटक अन्तर्वार्ता लिंदा सामग्री सेचुरेसन नहुन्जेलसम्म सामग्री सङ्कलन गरिएको छ । नेपाली भाषाका शिक्षककहरूले मैथिली मातृभाषी विद्यार्थीहरूलाई नेपाली विषय पढाउँदा जे जस्तो अनुभव गरेका छन् त्यसैका आधारमा अन्तर्वार्ता लिई सामग्री सङ्कलनका मुख्य आधार बनाई थीम निर्माण गरी विश्लेषण गरिएको छ ।



उल्लिखित ढाँचाका आधारमा श्री च.न (प्राविधिक) मा.वि.सिरहा, सारश्वरनाथ मा.वि.सारश्वर, मा.वि.भलुवाही, मा.वि.बालमन्दिर र ला.श.मा.वि.माडरका नेपाली विषय अध्यापन गराउने दक्ष अनुभवी शिक्षकहरूमध्येबाट उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी प्रत्येक विद्यालयबाट दुई दुई जनाका दरले नेपाली विषय शिक्षकहरूलाई छनोट गरी उनीहरूबाट प्रत्यक्ष अन्तर्वार्ता विभिन्न मितिमा अलोपालो गरी लिइएको छ। Cresswell (2007) अनुसार अन्तर्वार्ता यसको प्रकृति सेटिङ हो, त्यसैले यसलाई छनोट गरिएको छ। नमुना छनोटका रूपमा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरिएको छ।

यस अध्ययनका लागि मुख्यतया अन्तर्वार्ता र अवलोकनको उपयोग गरिएको छ । २० वटा असंरचित र केही खुल्ला प्रश्नहरू निर्माण गरी सूचकहरूबाट भाषिक सामग्री सङ्कलन गर्न उनीहरूको अनुभवमा आधारित रहेका छन्। यसरी अध्ययनका प्राथमिक स्रोतबाट लिइने तथ्याङ्का

लागि प्रश्नावली र शिक्षकको परीक्षणका प्रश्न नै मुख्य सामग्री रहेको छ, भने प्रश्नावलीमा भाषाका उच्चारण र व्याकरणिककोटि निर्देशनका आधारमा शिक्षकहरूबाट प्रश्न सोधी उनीहरूको अनुभव सङ्कलन गरिएको छ ।

सहभागी

उपत्यका बाहिरको पहिलो ऐतिहासिक विद्यालय श्री चन्द्र नमुना मा.वि. सिरहामा कार्यरत शिक्षकहरूमध्ये २० वर्षभन्दा पहिलादेखि नै अध्यापन गराउँदै आइराखेका दुई जनामा एक जना मधेशीमूलका र एक जना पहाडेमूलका दक्ष अनुभवी शिक्षकहरूलाई भलाकुसारीबाट सहज वातावरणमा आत्मीय प्रगाढ बनाई अन्तर्वार्ताका लाीग उत्सुक बनाई अन्तर्वार्ता लिइएको छ । असंरचित र खुल्ला प्रश्नावलीद्वारा सम्बन्धित विद्यालयका एक जना अनुभवी शिक्षकबाट सहायक प्राचार्य सहभागीबाट तीन पल्ट अन्तर्वार्ता लिएपछि डेटा सेचुरेसन भएको थियो भन्ने, अर्को सहभागी शिक्षकबाट चार पल्ट अन्तर्वार्ता लिएपछि मात्र डेटा सेचुरेसन भएको थियो । त्यस्तै सारश्वरनाथ मा.वि.सारश्वरका दुई जना नेपाली विषय अध्यापन गराउने शिक्षकसँग आलोपालो गरेर तिन-तिन पल्टमा सामग्री पूर्ण सन्तुलित भएको थियो । क्रमशः मा.वि. भलुवाहीमा नेपाली विषय पढाउने शिक्षकबाट दुई दुई दिनको फरकमा तिन चार पल्टमा सामग्री पूर्ण भएको थियो । ला.श.मा.वि.माडरमा नेपाली विषय पढाउँने शिक्षकसँग चार चार पल्ट गएपछि सामग्री सन्तुलन भएको थियो । मा.वि.बालमन्दिरमा तिन तिन पल्टमा सामग्री सन्तुलन भएको थियो । एवम् प्रकारले विद्यालयका नेपाली शिक्षकहरूबाट दुई दुई जनाका दरले सामग्री स³्कलन गर्दा मातृभाषा नेपाली र मातृभाषा मैथिली भएका शिक्षकहरूलाई समावेश गराई सामग्री सङ्कलन गरिएको छ । स³्कलित सामग्रीलाई पहिलो चरणमा ट्रान्सक्राइव गरेर दोस्रो चरणमा भनाइ राखी तेस्रो चरणमा फरक फरक कोडि³लाई छुêा-छुê र साझा कोडलाई एकैठाउँमा राखेर ग्रुपिङ्ग गरेर चौथो चरणमा निर्माण गरिएका थीमहरू क्रमशः भाषा शिक्षण, वातावरणीय प्रभाव, व्याकरणगत समस्या र अभ्यास जस्ता थीम निर्माण गरी थेमेटिक तरिकाले व्याख्या तथा विश्लेषण गरिएको छ । अन्तर्वार्ताद्वारा प्राप्त सङ्कलित सामग्रीलाई 'त्रुटि विश्लेषण' सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।

पूर्वकार्यको अवलोकन

कुनै पनि नयाँ कार्य गर्नुभन्दा पूर्व भएको कार्यको समीक्षा गर्नुलाई नै पूर्वकार्यको अवलोकन भनिन्छ । यस कार्यले नयाँ अनुसन्धानको लागि वाटो निर्देश गरिन्छ । अनुसन्धानका क्रममा सम्बन्धित विषयमा त्यसभन्दा अगाडि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, शोधपत्र, प्रतिवेदन

आदि) को व्यवस्थित अध्ययन गरी ती सबै कार्यहरूको क्रमबद्ध समीक्षा गर्नु नै पूर्व समीक्षा हो (बन्धु, २०७०:२८) । यसबाट शोधार्थीमा त्यससँग सम्बन्धित विषय वा शीर्षकमा के कस्ता अध्ययन अनुसन्धान भएका छन् सो कुराको जानकारी पाउन सजिलो हुन्छ । यस कार्यले अनुसन्धानलाई सरल बनाउन मदत पुर्याउँछन् । साथै सम्बन्धित विषयमा त्यस पूर्व के कति अध्ययन अनुसन्धान भएका छन् र के कति काम हुन बाँकी छन् भन्ने कुराको जानकारी दिन्छ । यसभन्दा अगाडि भएको पूर्वकार्यलाई यसरी प्रस्तुत गरिएका छन् । :

सैद्धान्तिक पुनरावलोकन

पुस्तक सम्बद्ध स्रोत

हर्लक (१९५६) ले आफ्नो पुस्तक (पृ.१७२-१९०) मा बच्चाको भाषा विकासका प्रक्रियाबारे उल्लेख गरेकी छिन् । जसमा बच्चाको रुवाइ, फतफताइ, हाउभाउ हुँदै बोलीको विकास हुन्छ भन्ने कुरा स्पष्ट पारिएको छ । तिनमै बोलीको विकासका निम्ति भाग लिने अवयवहरूको विवरण दिनुको साथै बाल विकासका चरणहरूसँग जोडेर बच्चाको बोलाइ सीपको विकासलाई हेरिएको छ । यसमा आफूभन्दा ठूला मानिसले बोलेका कुराहरू सुनेर त्यही अनुसार नक्कल गर्न सिक्दा प्रारम्भ हुने बच्चाको भाषिक आवाज क्रमशः एउटै निश्चित संरचना वा ढाँचालाई पछ्याउने मात्र होइन कतिपय बच्चाहरूको मांसपेशीको विकास चाँडो हुने कारणले गर्दा सामान्य बच्चाहरूको तुलनामा तीब्रतालाई समेत पछ्याउन सक्छ भन्ने सम्भावनाहरूको उल्लेख गरिएको छ (आचार्य, २०६६) । यसका निम्ति सर्वप्रथम बालकले अरूले बोलेका कुराको बोध गर्नुपर्दछ र क्रमशः यो शब्द भण्डारको विकास, शब्द जोडेर वाक्य निर्माण गर्ने काम र तिनलाई बोलेर व्यक्त गर्ने चरणबाट अगाडि बढ्दछ भन्ने सन्दर्भको पनि उल्लेख गरिएको छ । यसमा भाषिक अवयवहरूको मांशपेशीय विकाससँग बच्चाको बोलीको चरणगत विकासलाई जोडेर विश्लेषण गरिएको छ (भण्डारी र पौड्याल, २०७३) । त्यस्तै स्किनरको भर्वल विहाभिअर (इसं.१९५७) मा मानिसले भाषा सिक्ने कार्यलाई शाब्दिक कार्य सम्पादनको एउटा प्रणालीका रूपमा व्याख्या गरिएको छ । उनको भाषा सिकाइ सम्बन्धी विचार विदेशी भाषा सिकाइको क्षेत्रलाई प्रतिनिधित्व गरेको छ । यसमा भाषा सिकाइका निम्ति सावधानीपूर्वक तयार पारिएको पुनर्बल तालिकाबाट हुने नियन्त्रित्र वातावरण आवश्यक हुन्छ भन्ने मान्यता रहेको कुरा ब्राउन (१९९४,पृ७८) ले बताएका छन् । यसरी भाषाशास्त्री नोम चमस्की (इसं.१९५९) ले आफ्नो आलोचनात्मक पुस्तक भर्वल विहाभिअरमा भाषिक सिर्जनशीलताको उपयोग गर्न मानिसले मात्र सक्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । उनका अनुसार जन्मजात रूपमा लिएर

आएका अमूर्त भाषिक नियमहरूको प्रयोग गर्ने सामर्थ्य सिकारुमा बढ्दै गई उसको मस्तिष्कको विकासको साथमा लामा वाक्य निर्माण गर्ने र आश्रित वाक्यांशहरूको प्रयोग गर्ने क्षमता पनि बढदै जान्छ । यसर्थ संसारभरिका प्रायः सबैजसो व्यक्तिले आफ्ना मातृभाषाका मूलभूत संरचनालाई ५-६ वर्षको उमेरभित्रै सिकिसकेका हुन्छन् । यसका निम्ति बालकले अनेक र प्रयत्न र भूलका सहजात र स्वतन्त्र प्रक्रियाबाट नियमहरूको सामान्यीकरण र अति सामान्यीकरण गर्दै आफ्नो बुद्धि र सुझको उपयोग गरेर भाषा सिक्छ भन्ने मान्यतालाई यस सिकाइ सिद्धान्तले आत्मसात गरेको छ भनी बन्धु (विस.२०६६) ले आफ्नो पुस्तक (पृ.१४८-१७४) मा उल्लेख गरेका पाइन्छन् । त्यसरी नै जीन पियाजे (इस.१९७१) बाट आफ्नो अनुसन्धानात्मक पुस्तक (पृ.९) मा छ वर्षका दुई जना बच्चाको भाषा सम्प्रेषणको प्रकियाका बारेमा सामान्य अध्ययन गरिएको छ । उनले दुई जना बच्चाको भाषिक कुराकानीलाई आत्मकेन्द्री र समूहकेन्द्री गरी दुई भागमा बाँडेर तिनको भिन्नताको उल्लेख गरेका छन् । आत्मकेन्द्री कुराकानीमा आफ्ना विचारहरू प्रकट गर्दा श्रोताको चाहनालाई महत्त्व दिने सन्दर्भ अगाडि सरेर उनको छ वर्षका बाल बालिकाहरूको बोली विकासको प्रकृतिलाई चिनाएका छन् । बाल विकासको भिन्नताको असर भाषा सिकाइमा कसरी पर्दछ भन्ने बारेमा भने उनले भाषा विकासका चरणहरूमा उल्लेख गरेका पाइन्छन् । त्यस्तै ब्राउन (१९७३) ले आफ्नो अनुसन्धानात्मक पुस्तकमा भाषा शिक्षण सिकाइ सिपका सम्बन्धमा सम्बन्धित पक्षलाई विभिन्न चरणको ज्ञान हुनु आवश्यक भएको कुरा बताएका छन् । उनले ती विभिन्न चरणहरूलाई पाँच भागमा बाँडेर हेरेका छन् । पहिलो चरणका रूपमा १५-३० महिनाको समयलाई लिइएको छ । यस चरणमा बाल बालिकाहरूले आधारभूत शब्दहरू बोल्न सक्छन् भनिएको छ । दोस्रो चरण अन्तर्गत् २८-३६ महिनाको समयलाई लिइएको छ । यस समयमा सिकारुले अपूर्ण वर्तमानका कियाहरूको अतिरिक्त एक वचन, बहु वचन रूप र विभक्तिको समेत सामान्य प्रयोग गर्न सक्छन् भनिएको छ । त्यस्तै ३६-४२ महिनाको तेस्रो चरणमा सामान्य भूतकालका कियाहरूको प्रयोग गरी भाव व्यक्त गर्न र भेदक विशेषणको प्रयोगसमेत गर्न सक्छन् भनिएको छ । ४०-४६ महिनाको समयलाई चौथो चरण मानिएको छ । यस चरणमा सर्वनामको प्रयोगका अतिरिक्त सामान्य भूतकाल कियाहरूको शुद्ध प्रयोग गर्ने क्षमता हासिल हुने विश्वास गरिएको । ४२ महिनाभन्दा माथिको पाँचौ चरणभित्र भने प्रश्नार्थक वाक्य बनाउन सक्नुका अतिरिक्त मुख्य किया तथा सहायक कियाहरू समेत प्रयोग गर्न समर्थ हुन्छन् भन्ने उनको तर्क रहेको छ । त्यस्तै फाइज (इसं. १९७७) ले आफ्नो पुस्तक (पृ.१०७-२०८) मा बाल बालिकाको भाषा ग्रहणका विषयमा उल्लेख गरेका छन् । उसले प्रथमतः बोलाइ सम्बन्धको बुझाइलाई लिएका छन् र यो जहिले पनि बोल्नुभन्दा अगाडि प्राप्त हुने गर्दछ भनेका छन्

। त्यस्तै उनको दोस्रो मान्यता बुझाइ प्रणालीसँग सम्बन्धित छ र यो बालकले प्रत्येक सिकाइको चरणमा प्राप्त गर्दै जान्छ अनि बोलाइका क्रममा प्रकट गर्ने ध्वनिहरू छुट्याउँदै जान्छ भन्ने रहेको छ । यसमा बोल्नुभन्दा अगाडि बालकको मस्तिष्कमा भाषिक संरचना हुने र सिकाइको क्रममा त्यसले निरन्तरता पाइरहँदा ध्वनि विभेदीकरणको दक्षता प्राप्त गर्न सक्ने सत्यको उद्घाटन गरेर चमस्कीको सिद्धान्तकै आलोकमा जन्मजात रूपमा रहेको भाषिक सामर्थ्यको पक्षमा उनले आफूलाई सशक्त ढङ्गले उभ्याएका छन् ।

भिगोत्स्की (इसं.१९७८) ले बच्चाहरूको संज्ञानात्मक विकासका लागि अन्य व्यक्तिहरूसहितको सामाजिक अन्तरक्रिया र सन्दर्भ अति महत्त्वपूर्ण हुने कुरा बताएका छन् । सामाजिक अन्तरक्रिया निम्ति सबभन्दा बलियो पक्ष भनेकै संस्कृति हो भन्ने मान्यतामा आधारित यस सिद्धान्तको मूल सरोकार भनेकै सामाजिक अन्तरक्रिया र सन्दर्भ हो भन्ने उनको विचार छ । बच्चा जन्मेपछि प्रथम पटक उच्चारण वा बोलीका रूपमा आउने शब्दले नै संस्कृतिलाई प्रतिविम्बित गर्दछ र बच्चाको संस्कृति अन्य मानिसहरूका बीचमा र आफैभित्र गरी दुई तहमा देखा पर्दछ भन्ने कुरा उनले सुझाएका छन् । यसले बच्चाको स्वैच्छिक ध्यान, तार्किक स्मरण र सोच निर्माणलाई देखाउँछ भन्ने उनको भाषा सिकाइ सम्बन्धमा सैद्धान्तिक मान्यता रहेको पाइन्छ । त्यस्तै इन्ग्राम (इस.१९८९) बाट आफ्नो पुस्तकका शीर्षक तथा उपशीर्षकहरू(पृ.३८-३९) मा स्टनले प्रतिपादन गरेका भाषा ग्रहणका चरणहरूलाई देखाइएको छ । यसमा स्टनले निर्धारण गरेका भाषा ग्रहणका प्रारम्भिक, प्रथम, द्वितीय, तृतीय र चतुर्थ गरी पाँच ओटा चरणहरू उल्लेख गरी तिनमा चरणगत भाषा सिकाइहरूलाई प्रस्ट्याउने काम गरेका छन् । यस्तै मतिलाल (इसं.१९९०) ले आफ्नो अनुसन्धानमा प्राचीन समाजमा भाषा चिन्तकहरूलाई मानवले भाषा सिकाइ कसरी गर्दछन्, कसरी बुझ्दछन् र कसरी उत्पादन गर्दछन् भन्ने बारेमा अनुसन्धानात्मक विधिभन्दा पनि अवधारणात्मक चिन्तनका आधारमा विश्लेषण गर्थे भन्ने टिप्पणी गरेका छन् । यसमा ग्रिसेली भाषा चिन्तक प्लेटोको उदाहरण दिएर बालकले वाक्यको अर्थ लगाउने काम कुनै शैक्षिक सिकाइमार्फत् भन्दा पनि जन्मजात रूपमा प्राप्त गर्ने भाषिक गुण बताएका छन् भनेर उनले प्लेटो बालकको भाषा सिकाइको सन्दर्भमा जन्मजात भाषिक सामर्थ्यको पक्षमा थिए भन्ने आधार प्रस्तुत गरेका छन् । त्यस्तै संस्कृत भाषाका वैयाकरणहरूले भने व्यक्तिले भाषा सिकाइका क्रममा प्राप्त गर्ने शब्दहरू ईश्वरीय देनका रूपमा रहने कारण तिनलाई एक पुस्ताबाट अर्को पुस्तामा क्रमशः हस्ताणतरण गर्दै जाने प्रक्रियाका रूपमा व्याख्या गरेका छन् भन्दै उनले उनीहरु पश्चिमी दार्शनिक प्लेटोको भाषिक चिन्तनको विपरीत भाषिक यादृच्छिकता वा परम्परावादी चिन्तनका पक्षमा थिए भन्ने प्रमाण प्रस्तुत गरेका छन् ।

अधिकारी (२०७४) ले भाषा र व्याकरण सम्बन्धित समसामयिक व्याख्या गरिएको पाइन्छ । यसमा भाषाको परिचय, विशेषता, भाषिक परिवारको वर्गीकरणका आधारहरु, नेपालमा बोलिने प्रमुख मातृभाषाहरू तथा नेपाली व्याकरण आदिको व्याख्या गरिएको पाइन्छ ।

अधिकारी (२०७५) द्वारा लिखित 'समसामयिक नेपाली व्याकरण' नामक पुस्तकमा व्याकरण सम्बन्धी लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्यका दृष्टिले कायम हुने सङ्गति विशेष महत्त्वपूर्ण हुने कुराको चर्चा गरिएको पाइन्छ । यसरी पुस्तक समीक्षा थुप्रै भएता पनि प्रस्तुत अनुसन्धानसँग सम्बन्धी उल्लेखित पुस्तक समीक्षाले आधारशीला तयार पार्न टेवा पुर्‍याइएको छ ।

प्रायोगिक कार्यको पुनरावलोकन

शोध समीक्षा

नेपाली र मैथिली भाषाका आदरार्थी, नेपाली र मैथिली भाषामा लिङ्ग व्यवस्था, नामपदावलीमा नाम र कोटिकरका विचमा हुने पद सङ्गतिको तुलनात्मक अध्ययन गरिएको छ । पाँच अध्यायमा संरचित यो शोधमा उद्देश्य निर्धारित गरिएको देखिदैन । यो शोधपत्र नेपाली भाषामा माधव प्रसाद पोखरेल र मैथिली भाषामा योगेन्द्र प्रसाद यादवको लेखलाई सैद्धान्तिक आधार मानी प्रस्तुत गरिएको पाइन्छ (दाहाल, २०७० उद्धृतांश) । यसमा नेपाली र मैथिली भाषाका पद सङ्गतिको तुलनाको सतही अध्ययन भएको देखिन्छ । यसमा विश्लेषणात्मक अध्ययन हुन सकेको देखिदैन । यो अध्ययन नेपाली भाषामा विद्यमान् व्याकरण परम्परामा आधारित देखिन्छ । नेपाली र दुमी भाषाका शब्द निर्माण र व्याकरणिक कोटिहरूको तुलनात्मक अध्ययन गरिएको छ । यस कार्यमा नेपाली र दुमी भाषाका शब्दवर्ग र शब्द निर्माणका साथै लिङ्ग, वचन, पुरुष, आदर, काल पक्ष, भाव आदिका आधारमा तुलनात्मक अध्ययन गरिएको छ (राई, २०५५) । दुमी राई जाति र भाषाको परिचय सहित नेपाली भाषाको शब्दवर्ग शब्द , व्युत्पन्न प्रकिया तथा व्याकरणात्मक कोटिहरूसँग दुमी भाषाको शब्दवर्ग, शब्द व्युत्पन्न र व्याकरणात्मक कोटिहरूको तुलनात्मक अध्ययन गरिएको पाइन्छ । तापनि दुमी भाषा र नेपाली भाषाका वाक्यात्मक स्वरूपको तुलनात्मक अध्ययन यसमा समेटिएको छैन । यसको शोधपत्रमा दुमीहरूको मूल बसोबास क्षेत्रमा पुगेर तथ्याङ्क सङ्कलन गरी परम्परागत व्याकरणका आधारमा तुलनात्मक अध्ययन गरिएको पाइन्छ । श्रेष्ठ (२०५५) द्वारा मोरङियया थारु र नेपाली भाषाको बीच तुलनात्मक अध्ययन गरिएको छ । अन्तर्वार्ता, प्रश्नवली, सहभागी अवलोकन र पुस्तकालयीय कार्य गरी विश्लेषण गरिएको छ । यसमा नेपाली भाषाको व्याकरणात्मक ढाँचामा मोरङ्मा बोलिने थारु भाषाको शब्दवर्ग , व्याकरणिक धारामा चर्चा

गरिएको पाइन्छ । यस अध्ययनमा नेपाली भाषाका वर्ण र व्यवस्थासँग मोरङि्यया थारु भाषाको वर्ण व्यवस्थाको तुलना गरिएको छ । यो अध्ययन प्रस्तावित पद्धतिमा आधारित देखिन्छ । प्रस्तुत अध्ययनमा मोरङि्यया थारु भाषाको व्याकरण व्यवस्था र नेपाली भाषाको व्याकरण व्यवस्थाबीच तुलनात्मक स्वरुप प्रस्तुत गरेको देखिन्छ । यस्तै राई (२०५५क) द्वारा नेपाली र चामलिङ भाषाका क्रियापदावलीको तुलनात्मक अध्ययन गरिएको छ । यस शोधपत्रमा लिङ्ग, वचन, पुरुष, सर्वनामिकता र क्रियान्त निपातबीच समानता असमानता छुट्ट्याइएको देखिन्छ । यस शोधपत्रमा नेपाली र चामलिङ भाषाका क्रियाका भाव, काल र पक्ष विषयहरूमा पनि तुलनात्मक अध्ययन गरिएको छ । यसमा चामलिङ भाषाका वाक्ताहरूसँग लिखित वा मैखिक प्रश्नावलीहरू बनाई सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ (दाहाल, २०७०) । यो कार्य नेपाली व्याकरणगत प्रवृत्तिका आधारमा तयार पारिएको छ । यो समानता र असमानता छुट्याउने तुलनात्मक अध्ययनमा सीमित देखिन्छ ।

परिणा तथा छलफल

प्रस्तुत अध्ययन मैथिली मातृभाषी विद्यार्थीले नेपाली विषय शिक्षणमा गर्ने त्रुटिलाई आधार मानी अध्यापन गराउने शिक्षकहरूको दृष्टिकोणलाई उद्धृत गरिएको छ । सामग्री स३्कलनका स्रोत पनि अध्यापन गराउने शिक्षकहरू नै हुन् । उल्लिखित पाँच वटा विद्यालयहरूमा अध्यापनरत अनुभवी दक्ष शिक्षकहरूबाट निर्माण गरिएका सामग्री र केही खुल्ला प्रश्नहरूद्वारा अन्तर्वार्ता लिएका आधारमा प्रश्नहरूसँग सम्बन्धित शिक्षकहरूका विचारहरूलाई दृष्टिगत गरी गुणात्मक विधिद्वारा प्रक्रिया अगाडि बढाइएको छ । यसरी आएका विभिन्न थीमहरू क्रमशः भाषिक शिक्षण, वातावरणीय प्रभाव, व्याकरणगत समस्या र अभ्यास जस्ता छन् । उक्त थीमहरूलाई तल विस्तृतमा व्याख्या तथा विश्लेषण गरिएको छ :

भाषिक शिक्षण

भाषा विचार सम्प्रेषण गर्ने माध्यम हो । भाषिक शिक्षण भनेको भाषाका चार वटा सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ सम्बन्धी शिक्षण गरी भाषिक सीपहरूमा दक्ष गराउनु नै यसको मुख्य धेय रहेको छ ।

विमातृभाषी मैथिली विद्यार्थीहरूमा भाषिक सीपको विकासमा कमी आउनुको मुख्य कारण वातावरण हो । एक जना शिक्षकबाट लिएको अन्तर्वार्ताका आधारमा मैथिली भाषीले नेपाली समुदायसँग घुलमेल हुन नपाउनु, घरपरिवार र साथीसँग मातृभाषामा सम्प्रेषण गर्दछन् । त्यस्तै नेपाली भाषासँग सम्बन्धी गोष्ठी, प्रतियोगिता छलफल अन्तरक्रिया जस्ता कार्य निरन्तर नहुनु ।

त्यस्तै मैथिली मातृभाषी विद्यार्थीहरूमा नेपाली विषयप्रति रुचि न्युन देखिन्छ। अर्का एक जना सहभागी नेपाली विषय पढाउने अनुभवी शिक्षकको अन्तर्वार्ताबाट आएको भनाइ अनुसार न्युन १०-२० प्रतिशत बुझिराखेका छन्। त्यस बाहेक बाध्य भएर पढ्नु प-यो जस्तो व्यवहार देखाउँछ। मैथिली भाषी विद्यार्थीहरूमा नेपाली विषयप्रतिको त्यति चाँसो देखिएको छैन।

नेपाली भाषाको सान्दर्भिकताका दृष्टिकोणले यसको महत्त्व र सान्दर्भिकता राम्रो देखिन्छ। यसै सन्दर्भमा एक जना अन्तर्वार्तामा सहभागी शिक्षकको भनाइ अनुसार सान्दर्भिक छ नि त हाम्रो हरेक सरकारी कामकाजको भाषा नेपाली नै हो। त्यसैले एकदम सान्दर्भिक छ। एकीकृत पाठ्यक्रम भन्नाले विभिन्न कुराहरूलाई समेटेर बनाएको पाठ्यक्रम हो। यस पाठ्यक्रममा नेपाली भाषाको पढाइ सीपमा जोड दिने उद्देश्यले बनाएको हो। यसरी मैथिली मातृभाषी विद्यार्थीहरूलाई अनुकूलको वातावरण नपाउँदा भाषिक सीपमा समस्या आउने कुरा देखिन्छ। त्यसैले उपयुक्त भाषिक वातावरणको सृजना हुनु जरुरी देखिन्छ।

वातावरणीय प्रभाव

मानिसलाई प्रभाव पार्ने तत्त्वलाई वातावरण भनिन्छ। वातावरणमा पनि विभिन्न प्रकारका हुन्छन्। त्यसमध्ये भाषिक वातावरण भनेको भाषा सम्बन्धी हो। मैथिली मातृभाषी विद्यार्थीहरुले नेपाली उच्चारण गर्दा आफ्नो मातृभाषाको प्रभाव परेको देखिन्छ। एक सहभागी दक्ष अनुभवी शिक्षकका अनुसार "उच्चारणमा धर्मलाई-धर्म्, कर्मलाई-कर्म्, भक्तलाई-भक्त् यस्ता खालका उच्चारणगत समस्याहरू देखिएका छन्।" नेपाली भाषा शिक्षणको क्रममा विदेशी भाषाले समेत प्रभाव परेको पाइन्छ। एक जना सहभागी शिक्षकको भनाइलाई उद्धृत गर्दै अन्तर्वार्तालाई जस्ताको त्यस्तै राखिएको छ, "नेपाली भाषा सरकारी कामकाजको भाषा भएको हुनाले एकदम सान्दर्भिक छ तर दुःख लाग्छ, खस्किदो अवस्थामा छ। विदेशी भाषाको प्रभाव बढ्दो रहेको छ। त्यस्तै मैथिली भाषीलाई नेपाली भाषा पढाउँदा १०-२० प्रतिशत मात्र रुचि बुझि राखेका छन्। यसै प्रसङ्गसँग सम्बन्धित साह (२०६७) अनुसार थारू र नेपाली भाषाको व्याकरणिककोटिको आधारमा व्यतिरेकी विश्लेषण गर्दा गल्तीमा वातावरणीय प्रभावमाथि नै जोड दिइएको पाइन्छ।"

उल्लिखित कुराहरूका आधारमा नेपाली भाषामा मातृभाषाको प्रभाव देखिन्छ किनभने, भाषिक वातावरण मातृभाषाको छत्रछायामा परेकाले भाषाको प्रत्यक्ष प्रभाव परेको हो यस्ता किसिमका प्रभाव हट्टाउनको लागि नेपाली भाषाको वातावरणमा बस्नुपर्ने हुन्छ अनि मात्र यस किसिमका त्रुटिहरू सुधार हुन सक्छन्। खासगरी नेपाली शब्दमा विदेशी अङ्ग्रेजी भाषाको

प्रभावलाई नियन्त्रण गर्नुपर्ने अवस्था समेत देखिन्छ । यसरी भाषा बुझाई सहज भएमा सिकाइप्रति रुचि बढ्छ तर भाषा बुझाई असहज भएमा सिकाइप्रति रुचि घट्छ । त्यसैले सकारात्मक सिकाइको निम्ति भाषिक शिक्षणमाथि विशेष जोड दिनुपर्दछ ।

व्याकरणगत समस्या

भाषालाई शुद्ध बनाउने काम व्याकरणले गर्छ । त्यसैले भाषामा व्याकरणको महत्त्वपूर्ण भूमिका हुन्छ । मैथिली मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारण गर्दा आदरगत पनि अन्तर देखिएको पाइन्छ । एक जना अनुभवी दक्ष शिक्षकले दिइएका अन्तर्वार्तालाई जस्ताको त्यस्तै उद्धृत गर्दै, "आदर सङ्गतिमा जस्तो दुईवटा आदर हुन्छन् । मैथिली भाषामा 'त' र 'आहा' यतातिर पाँचवटा मान दियाछन् । चार वटा मान दियाछन् । वचनमा पनि त्यस्तै हामीहरू लाउँछौ, उता सब लाउँछन्, हुन्छ यस्ता खालका थुप्रै समस्याहरू छन् ।" शब्दको अन्त्यमा उच्चारणगत भिन्नता देखिन्छ । अर्का सहभागी दक्ष र अनुभवी शिक्षकको अन्तर्वार्ताका आधारमा, "वचन, वचनका सङ्गति मिलाउँदा 'हरू' लाई नबुझ्ने एकवचन भएपनि बहुवचन भएपनि एउटै प्रयोग गर्ने, लैङ्गिक भिन्नताहरू पहिचान गर्न नसक्ने जस्तै मैथिलीको प्रभाव यहाँनिर यस्तो खालको प्रभाव तिम्रो र तिम्री जस्ता कुरा छुट्टयाउन नसक्ने देखिन्छ ।" समग्रमा हेर्दा भाषापिच्छे व्याकरणको संरचना फरकफरक देखिन्छ । यस्ता किसिमका समस्या समाधानका लागि भाषा अनुवाद विधिद्वारा त्यस्ता त्रुटिहरू सुधारका अभ्यासहरू गर्दै जाँदा यस्ता खालका त्रुटिहरूलाई न्युनीकरण गर्दै लैजानुपर्दछ ।

अभ्यास

अभ्यास भनेको कुनै कुरालाई पटक पटक दोहो-याउनुलाई अभ्यास भनिन्छ । भए गरेका कुराको बानी बस्छ पनि र हट्छ पनि अभ्यासबाट नै । मैथिली भाषीहरूको अभ्यास केही गलत उच्चारणमा बसिएको देखिन्छ । जस्तै एक जना अनुभवी शिक्षकको अन्तर्वार्तालाई उद्धृत गर्दै, "लैङ्गिक भिन्नताहरू पहिचान गर्न नसक्ने खालका प्रभाव तिम्रो र तिम्री जस्ता कुरा छुट्टयाउन नसक्ने । भाषिक वातावरणले पनि निकै नै प्रभाव पारेका हुन्छन् । विद्यालयमा एउटा पिरियड नेपाली घण्टी पढ्दा नेपालीमा कुराकानी गर्छन् । नेपालीमा अभ्यास हुन्छ तर बाँकी समय उनीहरू आफ्नै मैथिली मातृभाषामा नै कुरा गर्छन् । सङ्गीसाथीसित पनि आफ्नै मातृभाषामा कुरा गर्छन् । घरपरिवारमा पनि आफ्नै मातृभाषाको प्रयोग गर्छन् ।" विनाडी (२०७४) ले कठरिया थारु र स्तरीय नेपाली भाषाको व्यतिरेकी अध्ययनमा अभ्यासद्वारा त्रुटि हटाउने पुष्टि गरेका छन् । यसरी उनीहरूको भाषिक वातावरण पनि उपयुक्त नहुँदा बढी गल्ती गर्ने अभ्यस्त भैसकेका हुन्छन् ।

उल्लिखित तथ्यहरूका आधारमा भाषा सिक्ने क्रममा सिकारुले के कस्ता त्रुटिहरू गर्छन् र ती त्रुटिहरू के कसरी हुन्छन् भनी अध्ययन गर्ने विषयलाई त्रुटि विश्लेषण भनिन्छ (ढकाल, शान्तिप्रसाद २०६८) । सिकारुले सिकाइका क्रममा त्रुटि गर्नु स्वभाविक प्रक्रिया हुन्छ । सिकारुले मातृभाषा प्रयोग गर्दा होस् कि विमातृभाषी प्रयोग गरी सिक्दा होस् गल्ती गर्छ त्रुटिलाई सिकाइ प्रक्रियाको कमजोरी ठान्नु हुँदैन । निराकरणका उपायहरूतिर जानुपर्दछ । त्यसरी नै 'त्रुटि विश्लेषण सिद्धान्त' का आधारमा मैथिली मातृभाषी विद्यार्थीहरूले दोस्रो भाषाको रूपमा नेपाली भाषा उच्चारण गर्दा त्रुटि गर्छन् नै । त्रुटि हटाउन अभ्यासमाथि जोड दिनुपर्दछ ।

डेभिड, क्रिस्टलका अनुसार भाषाशिक्षण र सिकाइमा त्रुटि विश्लेषण एउटा प्रविधि हो जसको माध्यमद्वारा विदेशी भाषा सिकिरहेको व्यक्तिले गर्ने त्रुटि वा भूलहरूको पहिचान, वर्गीकरण तथा व्यवस्थित व्याख्या गरिन्छ । सिकारुले भाषिक सामर्थ्यको कुन तह प्राप्त गर्न सकेको छ यो कुरा उसले गरेका त्रुटिहरूबाट व्यवस्थित ढङ्गले झल्किन्छ (ढुङ्गेल र दाहाल २०६७) । भाषा सिकाइमा विभिन्न प्रकृतिका त्रुटिहरू गर्छन् । ती त्रुटिहरू हटाउन उपयुक्त वातावरण सिर्जना गर्नुपर्दछ ।

यसरी लिङ्गगत, वचनगत र विशेषणगत भएका त्रुटिहरूको सुरुमा गलत तरिकाबाट अभ्यास बसेकाले त्यस्ता त्रुटिहरू हटाउन पनि शुद्ध उच्चारणबाट पटक पटक अभ्यास गराएर गलत अभ्यासलाई शुद्ध तरिकाले अभ्यास गराउँदा गराउँदै अभ्यस्त बनाउनुपर्दछ । अर्थात गलत अभ्यासलाई पनि शुद्ध अभ्यासबाट नै न्युनीकरण गर्न सकिन्छ । भाषिक अशुद्धीलाई पनि शुद्धी गर्ने भाषिक वातावरणको सृजना गरेर हटाउन सकिन्छ । सकभर नेपाली भाषाको प्रयोग गर्ने वातावरण नै सिर्जित गरेर अभ्यास गराउनुपर्दछ ।

यसरी यस अध्ययनभन्दा पहिलो दुर्गाप्रसाद दाहाल (वि.स.२०७०) का अनुसार विद्यावारिधि तहमा दनुवारी र नेपाली भाषाको व्यतिरेकी अध्ययन गर्दा कक्षाकोठाभित्र दोस्रो भाषाको रूपमा नेपाली भाषा अध्ययन-अध्यापन गराउँदा मातृभाषी नेपाली विद्यार्थी जस्तो सहज इतर-दनुवारी मातृभाषीलाई विद्यार्थीहरूमा देखिएको छैन । यस्तै अनुसन्धानको क्रममा माधवप्रसाद पोखरेल र योगेन्द्र प्रसाद यादवको लेखहरूमा पदस३्गति सम्बन्धी सैद्धान्तिक र तुलनात्मक सतही अध्ययन गरिएको देखिन्छ अर्थात् ठिक त्यस्तै प्रस्तुत अध्ययन नेपाली विषय अध्यापन गराउने दक्ष तथा अनुभवी शिक्षकहरूको अनुभवलाई आधार स्रोत लिइएको छ । कक्षाकोठाभित्र मैथिली मातृभाषी विद्यार्थीहरूलाई नेपाली विषय शिक्षण गर्दा उच्चारण र व्याकरणिककोटिगत त्रुटि गर्नु पूर्व अध्ययनका आधारमा स्वभाविकै हो किनभने, इतर मातृभाषीले दोस्रो भाषा सिकाइ गर्दा पृष्ठभूमि वातावरणले प्रत्यक्ष प्रभाव पार्दछ । कक्षा ८ मा अध्ययनरत मैथिली मातृभाषी विद्यार्थीहरूलाई

नेपाली विषय अध्यापन गराउँदा उच्चारणगत र व्याकरणिककोटिमा मात्र सीमाङ्कन गरिएको हो । यस अध्ययनका निम्ति आधारभूत तहमा दोस्रो भाषीका रूपमा अध्यापन गराउने दक्ष र अनुभवी शिक्षकहरूलाई सामग्री सङ्कलनका मुख्य स्रोतमा सीमित गरिएको छ ।

समग्रमा भन्दा मैथिली मातृभाषी विद्यार्थीले नेपाली भाषा सिकाइका क्रममा विभिन्न प्रकृतिका त्रुटिहरू गर्छन् । वर्णगत त्रुटि, शब्दगत त्रुटि व्याकरणिककोटिगत त्रुटिहरू गरेका छन् । ती त्रुटिहरू हुने प्रभावक तत्त्वहरूमा घरपरिवार, सङ्गीसाथी, सामुदायिक वातावरणीय प्रभाव रहेका छन् । उक्त त्रुटिहरू न्यूनीकरण गर्न अभ्यासमाथि जोड दिनुको साथसाथै विभिन्न पत्रपत्रिका, लेख, पुस्तक, अनुसन्धानमूलक कार्यहरूको अध्ययन गर्नुपर्दछ । विद्यालयीय वातावरण, विभिन्न गोष्ठी, सेमिनार, अन्तरक्रिया गर्नुपर्दछ ।

निष्कर्ष

लामो समयदेखि नेपाली विषय पढाउने दक्ष र अनुभवी शिक्षकहरूसँग लिएका अन्तर्वार्ताका आधारमा मैथिली मातृभाषी विद्यार्थीहरूलाई नेपाली विषय पढाउँदा मातृभाषी नेपाली हुने जस्तो सजिलो देखिएन । मैथिली मातृभाषी विद्यार्थीहरूले शुद्ध उच्चारणगतमा बढी त्रुटि गरेका छन् । खासगरी व्याकरणिक कोटिगत त्रुटि, वर्ण उच्चारणगत त्रुटिहरू देखियो । यस्ता किसिमका त्रुटिले विद्यार्थीहरूको भाषिक सीप विकासमा पनि समस्या ल्याउने गर्दछन् । जसले गर्दा विद्यार्थीहरूको सिकाइप्रतिको रुचि पनि घटेको पाइयो । यस्ता किसिमका त्रुटिहरूलाई हटाउन वा न्युनीकरण गर्नको लागि उचित भाषिक वातावरण सिर्जना तल्लै कक्षादेखि अभ्यास गराउँदै लैजानुपर्दछ । विभिन्न बैंठक, गोष्ठी, परियोजना कार्य र भाषिक वा साहित्यिक अन्तक्रियाहरूमा सहभागी गराउँदै लग्नुपर्दछ । सकभर घरपरिवार, साथीहरूसित नेपालीमा नै बोल्ने वातावरण सिर्जित गर्नुपर्दछ । यसका लागि अभ्यासमाथि उतिकै जोड दिनु आवश्यक देखिन्छ । त्रुटि गर्ने बेलामा नै पृष्ठपोषण दिँदै जानुपर्दछ । मुख्य कुरा भाषिक नियन्त्रणलाई प्राथमिकता दिएर अभ्यासमाथि विशेष जोड दिनुपर्दछ । यस अध्ययनले अन्य अध्ययन अनुसन्धानकर्ताहरूलाई सहयोग मिल्नेछ । खासगरी दोस्रो भाषा शिक्षण सिकाइको क्रममा कक्षाकोठाभित्र सहजीकरण गर्न महत्त्वपूर्ण उपयोगी देखिन्छ ।

सन्दर्भ सामग्री

आचार्य, कृष्णप्रसाद (२०६६), *सामान्य भाषा विज्ञान,* क्षितिज प्रकाशन ।

अधिकारी, विष्णुप्रसाद (२०७४), *निम्न माध्यमिक शिक्षक स्रोत सामग्री -२,* आशिष बुक हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज (२०७५), *समसामयिक नेपाली व्याकरण ,* विद्यार्थी पुस्तक भण्डार ।

गडेरी, सत्य नारायण (२०५४), *नेपाली र मैथिली भाषाको पद सङ्गतिको तुलनात्मक अध्ययन, (* अप्रकाशित स्नातकोत्तर शोधपत्र) नेपाली केन्द्रीय विभाग, त्रि.वि. ।

ढकाल, शान्तिप्रसाद (२०६८), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६७), सामान्य र प्रायोगिक भाषाविज्ञान, एम.के.पब्लिसर्स डिस्ट्रिब्युटर्स ।

दाहाल, दुर्गाप्रसाद (२०७०), *दनुवारी र नेपाली भाषाको व्यतिरेकी विश्लेषण* (विद्यावारिधि शोधप्रबन्ध), ग्राजुएट स्कुल अफ एजुकेशन, त्रि.वि. ।

नेपाल किताबखाना समिति (२०७२), नेपालको संविधान २०७२ ।

न्यौपाने, टंकप्रसाद, भण्डारी, पारसमणि र न्यौपाने, दीपकप्रसाद (२०७३), *भाषा विज्ञानका प्रमुख सिद्धान्त,* विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चुडामणि (२०७०), अनुसन्धान तथा प्रतिवेदन लेखन, रत्न पुस्तक भण्डार ।

बिनाडी,दीर्घराज (२०७४), *कठरिया थारू भाषा र स्तरीय नेपाली भाषाको व्यतिरेकी अध्ययन (* स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. ।

भण्डारी, पारसमणि र पौड्याल, सालिकराम (२०७३), *सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार ।

राई, कैलाश कुमार (२०५५क), *नेपाली र चामलिङ भाषाका क्रिया पदावलीको तुलनात्मक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

राई, राम कुमार (२०५५), *नेपाली र दुमी भाषाका शब्द निर्माण र व्याकरणिक कोटिहरुको तुलनात्मक अध्ययन*, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली शिक्षा विभाग, त्रि.वि. ।

राष्ट्रिय जनगणना (२०५८), केन्द्रीय तथ्याङ्क विभाग ।

राष्ट्रिय जनगणना (२०६८), केन्द्रीय तथ्याङ्क विभाग ।

राष्ट्रिय जनगणना (२०७८), केन्द्रीय तथ्या3्क विभाग ।

शाह, भरत (२०६७), *कैलाली जिल्लामा बोलिने थारू भाषा र नेपाली भाषाको व्याकरणात्मक कोटिका आधारमा व्यतिरेकी अध्ययन* (स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभाग, त्रि.वि. ।

श्रेष्ठ, मेघ नारायण (२०५५), मोरङियया थारु भाषाको व्याकरणात्मक स्वरूपको अध्ययन (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली शिक्षा विभाग, त्रि.वि. ।

Cresswell, J., & Planoclark, W. (2007). Combined Research Methods, translated by Alireza Kiamanesh. *Javid Sarai, Tehran: Abijah Publishing*.